# जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

फोन नं.०४१५४०५६१११
website:www.janakpurmun.gov.
E-mail: janakpursmc@gmail.com

पत्र संख्या :०७९/०८० (भूमि व्यवस्था)
चलानी नं. : 2869

मितिः२०७९/०८/२१

विषयः निर्णय सार्वजनिक गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा भू-उपयोग ऐन ,२०७६ अनुसार यस जनकपुरधाम उप-महानगरपालिकाको भू-उपयोग परिषदको मिति २०७९/८/२० गते भू-उपयोग नियमावली,२०७९ अनुसार भू- उपयोग क्षेत्र बर्गिकरण गरिएको निर्णय निर्देशानुसार सरोकारवालाको लागि सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ ।

.............................
( परमेश्वर झा )
वरिष्ठ अधिकृत तथा प्रवक्ता
वरिष्ठ अधिकृत



"धार्मिक,सांस्कृतिक,पर्यटकिय समृद्ध नगर जनकपुरधाम"

वरिष्ठ अधिकृत

निर्णयहरु

भू उपयोग ऐन, २०७६ को दफा १९ तथा भू उपयोग नियमावली, २०७९ को नियम ५ वमोजिम आज मिति २०७९/०८/२० गतेको यस भू उपयोग परिषदको बैठकबाट यस उपमहानगरपालिका क्षेत्र भित्र रहेका सम्पुर्ण जग्गा जमिनको कृषि क्षेत्र तथा गैर कृषि क्षेत्रमा तपसिलमा उल्लेख भए वमोजिम तोक्ने निर्णय गरियो ।

१. यस उपमहानगरपालिका क्षेत्र भित्र वार्ड नं.१ देखी वार्ड नं.१४ सम्म सम्बन्धित वडाहरुबाट कृषि क्षेत्र नरहेको सिफारिस भई आए अनुसार वार्ड नं.१ देखी वडा नं.१४ सम्ममा गुठीको जग्गा र दास वैष्णवको नाउँमा रहेको जग्गा बाहेक सम्पूर्ण जग्गाहरु गैर कृषि क्षेत्रमा राख्ने निर्णय गरियो ।

वडा नं.१५ देखी वडा नं.२५ सम्ममा रहेको जग्गाको वर्गीकरण निम्नलिखित बुंदाहरु अनुसार गरियो ।

२. <u>बाटोलाई आधार मानी</u>

| क.स. | बाटोको नाम वा बाटोको चौडाई | गैर कृषि क्षेत्र एरिया | कृषि क्षेत्र |
|---|---|---|---|
| २.१ | जटही -ढल्केवर सडक र जलेश्वर -जनकपुर सडक(four lane,six lane मा) । | सडकको छेउ देखी दुवैतिर दायाँ/बायाँ ३०० मिटर सम्मको जग्गा । | ३०० मिटर बाहेक |
| २.२ | हुलाकी सडक वा १६ मिटर भन्दा बढी चौडाई भएको सडक । | सडकको छेउ देखी दुवैतिर दायाँ/बायाँ २५० मिटर सम्मको जग्गा । | २५० मिटर बाहेक |
| २.३ | ९ मिटर देखी १६ मिटर सम्म चौडाई भएको बाटो र । | सडकको छेउ देखी दुवैतिर दायाँ/बायाँ २०० मिटर सम्मको जग्गा । | २०० मिटर बाहेक |
| २.४ | ४ मिटर देखी ९ मिटर सम्म चौडाई भएको बाटो र रेल्वे लाइन भएको । | सडकको छेउ वा रेल्वे लाइन देखी दुवैतिर दायाँ/बायाँ १५० मिटर सम्मको जग्गा । | १५० मिटर बाहेक |
| २.५ | ४ मिटर भन्दा कम बाटोको चौडाई भएको । | सडकको छेउ देखी दुवैतिर दायाँ/बायाँ १०० मिटर सम्मको जग्गा | १०० मिटर बाहेक |

नोटः बाटोको हकमा नापीको नक्शा श्रेस्तामा बाटो कायम नभए पनि स्थलगतमा हाल उपभोगमा रहेको बाटो समेतलाई मानिने छ ।

क्रमसः........

वरिष्ठ अधिकृत

३. यस उपमहानगरपालिका क्षेत्र भित्र आवासीय प्रयोगमा रहेको घर, गाउँ, टोल,वस्तीले ओगटेको जग्गा र सो घर वा बस्तीको छेउबाट चारैतिर २०० मिटर सम्मको जग्गालाई गैर कृषि क्षेत्र र सो वाहेकको जग्गा कृषि क्षेत्र हुनेछ ।

४. हाल उपयोगमा रहेको मठ-मन्दिर, गुम्बा, चर्च, मस्जिद, मसानघाट लगायत धार्मिक क्षेत्रमा उपभोगमा भएको जग्गा पोखरी, घर, ईनार जस्ता प्रकृतिका भौतिक संरचना र सो संरचनाले चर्चेको जग्गा, गैर कृषि क्षेत्र हुनेछ ।

५. हाल उपभोगमा रहेको पसल, बैंक,वितिय संस्था, होटल, रेस्टुरेन्ट, हाट बजार लाग्ने ठाउं, चमेना गृह. व्यवसायिक प्रयोजनका लागि उपभोगमा रहेको स्टोरेज क्षेत्र, सेवा प्रदान गरिने सरकारी कार्यालय र सोले चर्चेका खाली जग्गा निजि क्षेत्रबाट संचालित अन्य कार्यालयहरु र सोले चर्चेका जग्गा निजि क्षेत्रबाट संचालित अस्पताल,कयाम्प्स, रेडियो तथा टेलिभिजन बोर्ड कास्टिंग संस्था,ईन्टरनेट सेवा प्रदायक संस्था जस्ता प्रकृतिको जग्गाहरु सबै गैर कृषि क्षेत्र हुनेछ ।

६. यस उपमहानगरपालिकाको वार्ड नं १ देखि वार्ड नं २५ सम्ममा रहेका गुठी जग्गा तथा दास वैष्णवको जग्गा भौतिक संरचना वाहेक सबै कृषि क्षेत्रमा राखिएको छ ।

७. दुधमति कोरिडोर को लागि दुधमति नदीको छेउबाट दुवैतिर १५० मिटर सम्मको जग्गालाई गैर कृषि क्षेत्रमा राखिएको र सो क्षेत्र बाहेकका जग्गालाई कृषि क्षेत्रमा राखिएको छ ।

८.यस भू -उपयोग परिषदबाट कृषि क्षेत्र तथा गैर कृषि क्षेत्रको बर्गिकरण निर्णय भई सुचना प्रकाशित भए तापनि कुनै पनि व्यक्तिले आफ्नो निजि जग्गा कृषि क्षेत्र कायम गराउन चाहेको खण्डमा निजको मांग निबेदन बमोजिम कृषि क्षेत्रमा मात्र राख्न सिफारिस दिने निर्णय गरियो ।